**निर्णय नं. २५** :- जिल्ला स्थित विषयगत कार्यालयहरु संग समन्वय गरी सिपमुलक, आयमुलक, उत्पादन मुलक कार्यक्रम संचालन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २६** :- जिल्ला स्थित विकास निर्माण संग सरोकार भएका सरकारी कार्यालयहरु संग समन्वय एवं सहकार्य गरी नगरका विभिन्न विकास निर्माणका कार्यहरु दोहरोपन नहुने गरी व्यवस्थित एवं प्रभावकारी रूपले संचालन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २७** :- न.पा. क्षेत्र भित्र कार्यरत विभिन्न गैर सरकारी संघ संस्थाहरु संग यस न.पा.को सामाजिक विकास शाखा मार्फत आफ्ना कार्यक्रम संचालनका लागि अनुरोध भए अनुसार निडस नेपाल ,कञ्चनपुर ले आ.व. २०७३।०७४ का लागी अनुकुलन ब्रेस्ड कार्यक्रम बमोजिम वजेट तथा कार्यक्रम पेश गरेकोले उक्त कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्न सम्वन्धीत संस्थालाई जानकारी गराउने गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २८** :- यस न.पा. कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरुले खाइपाई रहेको सेवा-सुविधा यथावत राख्ने निर्णय गरीयो ।

**निर्णय नं. २९** :- यस नगरपालिकामा महाकाली नदी, कामिकाटे, खन्ने खोला, रौटेला खोला, गताडी खोला, कनकट्टि खोला,गोवरैया खोला लगायतका विभिन्न खोलाहरुले बर्षेनी जमिन कटान एवं पटान गरी गाउँ बस्ती समेत जोखिममा रहेकोले नियन्त्रणका लागि नेपाल सरकारसँग अनुरोध गर्ने निर्णय गरीयो ।

**निर्णय नं.३०** : यस क्षेत्रमा व्यवस्थित आर्यघाट नभएको हुंदा सव दहनमा समस्या उत्पन्न हुन गएकोले सो निर्माण कार्य का लागी आवश्यक सहयोग गरिदिनहुन जिल्ला विकास समिति ,शहरी विकास मन्त्रालय संग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१** :- चालु आ.ब. ०७२।०७३ को मंसिर मसान्तसम्म पेश भएको संशोधित आय व्यय समर्थन गर्नका साथै आ.व. २०७३।०७४ का लागि अनुमानित आय व्यय स्वीकृत गरियो , चालु आ. व. को वार्षिक कार्यक्रमहरु संशोधन सहित स्वीकृत तथा अनुमोदन समेत गर्ने निर्णय गरियो ।

**निर्णय नं.३२** :- फोहरमैला व्यवस्थापन केन्द्र छनौट एवं निर्माणका लागि स्थानीय स्तरमा गैर सरकारी संस्था संग थप छलफल र सहकार्य गरी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, फोहरमैला व्यवस्थापन केन्द्र एवं अन्य दातृ निकाय समेत संग अनुरोध गरी दीर्घकालीन समाधानका लागि प्राबिधिक एवं आर्थिक सहयोग जुटाउन पहल गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ३३** : आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५४ मा भएको विशेष कोष सम्वन्धी व्यवस्था अनुसार तपसिल अनुसारका कोषमा रकम विनियोजन गर्ने निर्णय गरियो ।

क) प्रकोप/विपद व्यवस्थापन विशेष कोषका लागी रु ५०,०००।

ख) महिला तथा वालविकास विशेष कोषका लागी रु २५,०००।

**निर्णय नं. ३४** :- भीमदत्त नगरपालिका क्षेत्र भित्र रहेका ताल तलैया,मठ मन्दिर लगायत ऐतिहासिक/पुरातात्वीक सम्पदा तथा धरोहरहरुको लगत राखि ,संरक्षण तथा सम्वर्धन गर्न रु पचास हजार रकम विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३५ :-_** आ.ब २०७०।०७१ को अन्तिम लेखा परीक्षण प्रतिवेदन परिषद्मा पेश भयो । प्रतिवेदनले औल्याएको असुल उपर गर्नुपर्नेको हकमा असुल उपर गर्ने र नियमित गर्नु पर्नेको हकमा नियमित गर्न नगरपालिकाले आवश्यक कार्यवाही अगाडि बढाउनका साथै आर्थिक अनुशासन कायम गरी बेरुजु नआउने गरी कारोबार गर्न आवश्यक ब्यवस्था मिलाउने निर्णय गरीयो ।

**निर्णय नं. ३६ :-** राजस्व परामर्श समितिले गरेको सिफारिस बमोजिम नियमानुसारको करको दर परिवर्तन गरी आ.ब. ०७३।०७४ को श्रावण महिनादेखि लागु गर्ने निर्णय गरीयो ।

**निर्णय नं.३७ :-** टोल विकास संस्था ,वडा समितिको कार्यालयको सिफारिसबाट विगतमा यस नगरपालिका कार्यालयको सामाजकि विकास शाखा वाट सिफारिस भै आएका ऋणी समुहका व्यक्तिहरुले न.पा.को ऋण वुझाउदां पुरै ऋण तथा सावां वुझाएमा व्याजमा ५० प्रतिशत छुट दिने तथा आफनो नाउको ऋण सावां पुरै र व्याज मात्र वुझाएमा वडा सचिव तथा समुदाय परिचालकको सिफारिसमा व्याजको २५ प्रतिशत छुट दिने निर्णय गरियो । साथै उक्त निर्णय २०७३ साल पौष मसान्त सम्म लागु गर्ने ।

---

**निर्णय नं. ३८ :-** हाल यस न.पा.मा रहेका प्रशासनीक तथा प्राविधिक पदहरुको दरवन्दी यस अघिको नगर परिषद द्वारा स्वीकृत दरबन्दीलाई नै कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३९ :-** यस नगरपालिका कार्यालयमा रहेको सामुदायिक मेलमिलाप कार्यक्रमका लागि रु.५००००। (रु. पचास हजार) रकम विनियोजित गर्ने निर्णय गरियो ।

**निर्णय नं.४०** :- यस नगरपालिकाको स्वामित्वमा भएका ऐलानी/पर्ति,नम्बरी सार्वजनीक जग्गाहरुको विवरण शहरी विकास शाखा वाट प्राप्त भएकाले सो जग्गाहरुको संरक्षण गर्न तथा न.पा.को स्वामित्वमा ल्याउन नगरपालिकालाई निर्देशन गर्ने निर्णय गरीयो ।

**नर्णय नं. ४१** : यस कार्यालयमा कार्यरत कर्मचारीहरु २५ वर्ष सेवा अवधि पुरा गरि स्वेच्छिक अवकासमा जान चाहने को हकमा आवश्यक वजेट र प्रक्रिया को व्यवस्था मिलाउन नगरपालिका वोर्डलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं ४२ :** यस न.पा. मा गठीत पदपूर्ति समतिको आ.व. २०७२।०७३ को प्रतिवेदन अनुमोदन गरियो साथै न.पा.वाट दिएको जिम्मेवारी सम्पन्न गर्नू भएकोमा धन्यवाद दिने निर्णय गरियो ।

---

**निर्णय नं.४३ :** यस न.पा. कार्यलयमा कार्यरत कर्मचारीहरु मध्ये उकृष्ट कार्य गर्ने कर्मचारी पुस्स्कृत एवं सम्मान गर्ने कार्यलाई निरन्तरता दिन आवश्यक रकम विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४४ :** कर्मचारीहरुको क्षमता वृद्धि ,सिकाई आदान प्रदान का लागी अध्ययन अवलोकन भ्रमण गर्न आवश्यक वजेट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४५ :** नगरपालिकाको न्यूनतम शर्त तथा कार्य सम्पादन मापनमा देखाईएका कमी कमजोरीमा सुधार गर्ने तथा सो सम्वन्धी सुझाहरु क्रमशः कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४६ :** व्यवसाय दर्ता र नवीकरण भए नभएको जानकारी वडा कार्यालयमा पठाउने तथा वडा समिति तथा कार्यालयले सेवा प्रवाह गर्दा न.पा.को व्यवसाय नविकरण ,व्यवसाय भएका हकमा व्यवसाय दर्ता, तथा न.पा.को ऋण चुक्ता भएमा मात्र सेवा प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.४७ :** यस कार्यालयमा विगत लामो समय देखि निरन्तर रुपमा कार्यरत करारका कर्मचारीहरुको म्याद समाप्त भएको मिति देखि लागु हुने गरी हाललाई २०७३ पौष मसान्त सम्मका लागी म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.४८ :** यस कार्यालयमा विगत देखि सेवा करारमा कार्यरत कर्मचारीहरुको समझौताको म्याद समाप्त भएको मिति देखि लागु हुने गरी सोही समझौता अनुसार २०७३ पौष मसान्त सम्मका लागी म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४९ :** नगरपालिका कार्यालयको आन्तरिक प्रशासन सुधार , घर नक्सा ,जिन्सी ,राजश्व संकलन पन्जीकरण व्यवस्थापनका लागी आवश्यक व्यवस्था गरि कार्य संचालन अझ छरितो रुपमा संचालन गर्न Soft ware लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं.५०** : यस नगरपालिका कार्यालयका विरुद्ध पर्न आउने मुद्धाको प्रतिरक्षा गर्ने अधिकार कार्यकारी अधिकृतलाई प्रत्यायोजन गर्ने साथै नगरपालिका विरुद्धमा पर्ने मुद्धाको प्रतिउत्तर फिराउन वहस पैरवी एवं अन्य सम्पूर्ण काम गर्नु पर्ने कानूनी सल्लाहका लागी आवश्यक वजेट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५१** : यस कार्यालयमा कायर्रत कर्मचारीहरुको आ.व. २०७३।०७४ को प्रस्ताव गरेको तलवि प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५२**: यस न.पा.मा स्वीकृत दरवन्दी अनुसार रिक्त पद निर्धारित प्रक्रियावाट पदपूर्ति गर्नका लागी आवश्यक प्रक्रिया आरम्भ गर्न पदपूर्ति समितिलाई निर्देश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५३** : नगरपालिका कार्यलयमा रहेको वारुण यन्त्र संचालन गर्दा श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय वाट निर्धारित गरि जारी गरीएको निर्देशिका **वारुणयन्त्र संचालन निर्देशिका** यही आ.व. वाट लागु गर्ने नगरपालिका कार्यालयलाई निर्देशन गर्ने एवं वारुण यन्त्र ईकाइमा कार्यरत कर्मचारीहरुको रासन भत्ता वापत मासिक २०००। (दूई हजार) दिने निर्णय गरियो ।

**निर्णय नं.५४** : नगरपालिकाको को आन्तरिक आयमा वृद्धि गर्न नगरपालिका क्षेत्रमा भएका व्यवसायहरुको लगत अद्यावधिक गर्नका लागी चालु आ.व.मा वजेट व्यवस्था गर्न न.पा.लाई निर्देश गर्ने निर्णय गरियो ।

**निर्णय नं.५५** : आ.व. २०७१।०७२ को जिन्सी निरीक्षण प्रतिवेदनमा औल्याएका सुझावहरुलाई नगरपालिकाले कार्यान्वयन गर्ने गरी निर्देशन गर्दै सो प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५६ :** नगरपालिकाले सरसफाई गरि रेहेको भी.न.पा वडा नं ९ ब्रहमदेव वजार , वडा नं १० र ११ को गडडाचौकी, भी.न.पा. ३,४,६ र १८ को वजार क्षेत्रमा वजार सरसफाई कार्यलाई सार्वजनीक निजी साझेदारी अर्न्तगत कार्य संचालन गर्न न.पा. लाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५७ :** भीमदत्त नगरपालिका क्षेत्रभीत्र रहेका जनस्वास्थ्यलाई प्रतिकुल असर पर्ने खालका वस्तुको उपभोग तथा वेचविखनमा रोक लगाउनुका साथै कालो वजारी नियन्त्रण गर्ने सम्वन्द्ध

सरकारी निकाय ,उपभोक्ता हित संरक्षण मञ्च, उद्योग वाणिज्य संघ संग समन्वय गरी कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं ५८** : नगरपालिका क्षेत्रभीत्र निर्माण हुने सरकारी तथा सार्वजनीक भवनहरु अपांगमैत्री भएमा मात्र नक्सा पास प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं ५९** :धार्मिक, सांस्कृतिक एवं पर्यटकीय दृष्टिकोणले अति महत्व राख्ने यस नगरपालिका क्षेत्रभित्र वडा नं.४ स्थित सिद्धनाथ मन्दिर,वडा नं.१ को बैजनाथ मन्दिर,वडा नं.३ विष्णु मन्दिर,वडा नं.९ सिद्धनाथ मन्दिर,वडा नं.१० कलपठे मन्दिर, वडा नं.९ झिलमिला ताल लगायतको मर्मत सुधार एवं संरक्षणका लागी सम्वन्धित निकायलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.६० :** भी.न.पा. वडा नं.४ स्थित यस न.पा.को स्वामित्वमा रहेको स्थानीय बसपार्क को पार्किङ्ग शुल्कको बक्यौता रकम महाकाली सेती वस व्यसायी समिति संग बाट असुल उपर गर्ने निर्णय गरियो ।

**निर्णय नं.६१ :** यस न.पा.द्धारा अत्यावश्यक कार्य गर्नु पर्दा न.पा. वोर्डलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं.६२ :** यस न.पा.को आय वृद्धि गर्न यस .को स्वामित्वमा रहेका जग्गाहरुमा व्यवसायिक पसल निर्माण कार्य सार्वजनिक निजी साझेदारी कार्यक्रम अर्न्तगत अघि बढाउन यस न.पा.को शहरी विकास शाखालाई निर्देश गर्ने निर्णय गरियो ।

**निर्णय नं ६३** विगतको नगरपरिषद वाट स्वीकृत मापदण्ड बमोजिम तपसिलका कर्मचारीहरुलाई पुरस्कृत गर्ने निर्णय गरियो ।

तपसिल अनुसार पुरस्कृत कर्मचारीहरु :

| सि.न | नाम थर | पद | शाखा/उप शाखा | कैफियत |
|---|---|---|---|---|
| १ | हरि सिंह धामी | प्रशाशकीय अधिकृत | प्रशासन शाखा | |
| २ | गोरख वहादुर सिंह | ईन्जिनियर | शहरी विकास शाखा | |
| ३ | नेत्र वहादुर खड्का | ना.शु. (क.अ.) | राजश्व शाखा | |
| ४ | भोजराज जोशी | वडा सचिव | प्रशासन शाखा | |
| ५ | खगेन्द्र रावल | फायरमैन | बारुण यन्त्र इकाई | |
| ६ | रामा बिष्ट | कार्यालय सहयोगी | आ.प्र. शाखा | |
| ७ | भागीराम डगौरा | कुचिकार | वतावरण तथा सरसफाई उपशाखा | |

**निर्णय नं ६४ :** भीमदत्त नगरपालिका कार्यालयलाई समयमा कर तिर्ने असल करदाता श्री गणेश बोहरा (घटाल एजेन्सी, भी.न.पा. ४) , विकास निर्माणमा संलग्न रहेको उत्कृष्ट अनुगमन समिति का संयोजक श्री संगिता कुवर, भी.न.पा. १८, निर्माण व्यवसायी वाट ज्ञान कन्ट्रक्सन भी.न.पा. १० का प्रोपराईटर श्री ज्ञानेन्द्र प्रसाद जोशी तथा उपभोक्ता समिती ब्रम्हदेव वजार सडक कालोपत्रे उपभोक्ता समिती वडा नं. ९ लाई सम्मानित गर्ने निर्णय गरियो ।

**निर्णय नं.६५ :** दशौं नगर परिषदमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका प्रमुख अतिथि व्यवस्थापिका संसद सदस्य एवं पूर्व मन्त्री माननीय रमेश लेखक ज्यू, विशिष्ट अतिथि ज्यूहरु, जिल्ला स्थीत राजनीतिक दलका प्रमुख/प्रतिनिधि ज्यूहरु , पूर्व सभासद ज्यू ,पूर्व सभापति ज्यू ,उप सभापति ज्यू, पूर्व नगर प्रमुख ज्यू,उप नगर प्रमुख ज्यू, नगर स्तरीय राजनैतिक दल प्रतिनिधि ज्यू, एकिकृत योजना तर्जुमा समितिका पदाधिकारी ज्यू , श्रीमान प्रमुख जिल्ला अधिकारी ज्यू, श्रीमान स्थानीय विकास अधिकारी ज्यू, नागरिक समाज , पत्रकारहरु तथा जिल्ला स्थित कार्यालयका प्रमुख तथा प्रतिनिधि ज्यू, जिल्ला स्थित सुरक्षा निकायका प्रमुख ज्यू लगतयत उक्त उदघाटन सत्रमा पाल्नु भएका नगरवासीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६६ :**जिल्ला पशु सेवा कार्यालयले पशु सेवा संचालन गर्न यस नगरपीलकाको स्वामित्वमा भीमदत्त न.पा. वडा नं १६ वडैपुर स्थित जग्गामा भवन निर्माण का लागी अनुमति माग गरेकोमा जग्गा तथा भवनमा समेत न.पा.को स्वामित्व रहने गरि सो कार्यालयलाई उक्त जग्गामा २ कट्टा वरावर क्षेत्रफलमा नियमानुसार भवन निर्माण गर्न अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं.६७** :चालु आ.व. ०७२।०७३ को पहिलो चौमासिक को सार्वजनिक सुनवाई सम्वन्धी प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.६८** : मिति २०७२ चैत्र मसान्त सम्म कञ्चनपुर जिल्लालाई खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्ने DWASH -CC निर्णय बमोजिम यस भीमदत्त नगरपालिकालाई निर्धारित समय भीत्र नै खुल्ला दिशामुक्त क्षेत्र घोषणा गरि सक्नु भएकोले सो सम्वन्धी सार्वजनिक सूचना प्रवाह गर्ने तथा जुन सेवाग्राहीले आफनो घरमा सौचालय निर्माण गर्दैन ती सेवाग्राहीहरुको सेवा सुविधा रोक्का राख्न नगरपालिका कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६९** : यस नगरपालिका द्वारा आ.व. २०७१।०७२ देखि चालु आ.व को मंसिर मसान्त सम्ममा सम्पादित प्रशासनीक ,आर्थिक तथा प्राविधिक कार्यहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.७०** यस नगरपालिकाको स्वामित्वमा रहेको स्थानीय खुल्ला मञ्च प्रयोगका लागी अनुमति माग गरेमा औचित्य र महत्व हेरी न.पा.ले अनुमति प्रदान गर्न सक्नेछ । औद्योगीक एवम व्यावसायिक प्रयोजनका लागी खुल्ला मञ्च उपलव्ध गराउनु परेमा दैनिक रु २०००। शुल्क लिई उपलव्ध गराउने र सरसफाईको कार्य सम्वन्धीत प्रयोगकर्ता ले नै गर्नु पर्ने निर्णय गरियो ।

**निर्णय नं.७१** : नगरपालिका क्षेत्र भीत्रमा वेवारिसे सवहरुको सतगत गर्ने कार्यका लागी न.पा. क्षेत्रमा प्रति सव रु २०००। (दुई हजार ) रकम विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ७२ :** नगरपालिका क्षेत्रमा नयां घर निर्माण पछि को मलुवा /ईंटा ,ढुंगा तथा सेपटी टेंकी वाट निस्केको फोहर हटाउदा सो कार्यमा खटिने कर्मचारीलाई न.पा.ले लिने रकमको रु २५ प्रतिशत उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ७३** : यस नगरपालिका क्षेत्रभित्रको सरसफाई कार्यमा विभिन्न समयमा सहयोग पुरयाउने तपसिल अनुसारका विद्यालयहरुलाई प्रशंसा / कदरपत्र दिने निर्णय गरियो ।

तपसिलः

१) श्री शान्ती निकेन्त उ.मा.वि., भी.न.पा.६ ऐठपुर ।

२) श्री नव प्रतिभा पव्लिक सेकेन्डरी स्कुल, .भी.न.पा. ६, ऐठपुर ।

३) श्री महेश्वरी मा.वि,.भी.न.पा.१०, सुकासाल
४) श्री सिद्धनाथ अमर उ.मा.वि., भी.न.पा. ११,गडडाचौकी
५) श्री डायमण्ड पव्लिक एकेडमी स्कुल भी.न.पा. १०,,गडडाचौकी

**निर्णय नं ७४** : भीमदत्त नगरपालिका क्षेत्रमा भवन निर्माण संहिता कार्यान्वयन गर्ने कार्यमा सहयोग पुरयाउने श्री निडस नेपल ,कञ्चनपुरलाई सम्मान स्वरुप कदरपत्र दिने निर्णय गरियो ।

**निर्णय नं ७५ :** नगरपालिका क्षेत्रभीत्र रहेका भाषा ,साहित्य,सस्कृतिहरुलाई प्रोत्साहन गर्ने निति लिने निर्णय गरियो ।

**निर्णय नं ७६ :** भीमदत्त नगरपालिकालाई उप महानगरपालिका वनाउन आवश्यक पहल गर्न न.पा. कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ७७ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय सौर्य उर्जा प्रणलीलाई सहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभुत निर्माण मापदण्ड २०७२ को अभिन्न अंग हुने गरी मिति २०७२ पौष ७ को परिपत्रमा उल्लेख भए अनुसार यथासिघ्र लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं ७८:** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०७२।४।२९को निर्णयानुसार स्वीकृत वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्वन्धि आधारभुत मार्गदर्शन २०७२ लाई स्वीकृत गरी अविलम्ब कार्यान्वन गरी प्रचलित कानून बमोजिम नक्सा पासको कार्य सूचारु गर्ने निर्णय गरियो ।

**निर्णय नं ७९ :** यस भीमदत्त नगरपालिका कार्यालयवाट नगर स्वास्थ्य क्लिनीक संचालनका लागी लिएका भवन हरुको सम्झौता भाडामा १० प्रतिशत थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८०:-** वडा परिषद बाट माग भईआएका तपसिल वमोजिमका योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक वजेट व्यवस्थाका लागि जिल्ला विकास समिति, जिल्ला स्थित विषयगत सरकारी कार्यालय , विभिन्न दातृ निकाय र नेपाल सरकार लाई सिफारीस तथा अनुरोध गर्ने निर्णय गरीयो ।

**निर्णय नं ८१ :** य यस कार्यालयमा कार्यरत कर्मचारीहरुलाई नेपाल राजपत्र नेपाल सरकार द्धारा प्रकासित २०७२ भाद्र २३ गते (अतिरिक्तांक १४ क ) बमोजिम को दैनिक भत्ता उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ८२ :** यस भीमदत्त नगरपालिका कार्यालयका प्रशासकीय अधिकृत हरि सिंह धामी लाई आर्को व्यवस्था नभए सम्म का लागी आ.ले. प. शाखाको समेत थप जिम्मेवारी दिन कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं ८३** वातावराण संरक्षण कोषका लागी रु १००००। रकम विनियोजन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं ८४ :</u>** यस भीमदत्त नगरपालिका को वजार क्षेत्रको फुटपात लाई व्यवस्थीत गर्ने साथै उक्त कार्य गर्दा अटेर गर्ने व्यक्तिलाई स्थानीय स्वायत्त शासन ऐन २०५५ मा भएको व्यवस्था बमोजिम कार्य गर्न नगरपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।